# सिन्धुपाल्चोक जिल्ला अदालत

चौतारा, सिन्धुपाल्चोक।

कृपया पत्र व्यवहार गर्दा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नु होला ।

पत्र संख्या :- ०८०/०८१

चलानी नं. :-

Email-info.dcsindhupalchowk@supremecourt.gov.np

☏०११-६२०१०१


प्रकाशित मितिः- २०८०/१२/२७

ने.सं. ११४४ चौलाथ्व १ मंगलबार

## सूचना ! सूचना !! सूचना !!!

**विषयः- दोभाषे सेवाको लागि सूचीकृत हुने तथा सूची अद्यावधिक गर्ने सम्बन्धमा ।**

यस अदालतमा विभिन्न भाषा बोल्ने सेवाग्राहीहरु जो राम्रोसँग नेपाली भाषा बोल्न र बुझ्न सक्दैनन उहाँहरुको सहजताका लागि यस अदालतबाट विभिन्न मातृभाषालाई नेपाली भाषामा उल्था गर्ने प्रयोजनार्थ अदालतले पहिलेदेखि व्यवस्था गर्दै आएको दोभाषे सम्बन्धी सेवालाई निरन्तरता दिने प्रयोजनार्थ अदालतको कारवाहीमा दोभाषे सेवाको प्रयोग सम्बन्धी निर्देशिका, २०७२ को दफा ५(१) र ५(२) बमोजिम दोभाषेको सूची तयार गर्ने तथा सूची अद्यावधिक गर्ने कार्यको लागि ऐ. निर्देशिकाको दफा ६(३) बमोजिम देहाय बमोजिमका भाषाहरुलाई नेपालीमा उल्था गरी राम्रोसँग बोल्न र लेख्न सक्ने व्यक्तिहरुले १५ दिन भित्र यस अदालतमा दरखास्त दिनुहुनु यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

१. **उल्था गर्नुपर्ने भाषाहरुः-**

तिब्बतीयन/चाईनीज/शेर्पा, तामाङ, नेवारी, अंग्रेजी, हिन्दी

२. **आवश्यक योग्यताः-**

क. मौखिक रुपमा उल्था गर्ने भाषा राम्रोसँग लेख्न र बोल्न जान्ने ।

ख. सरकारी कामकाजको भाषा राम्रोसँग बोल्न र लेख्न जान्ने ।

३. **निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरुः-**

क. नेपाली नागरिकताको प्रतिलिपी ।

ख. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।

ग. सम्बन्धीत भाषा जानेको वा तालिम लिएको भए सो समेतका भाषा जानेको खुल्ने कागजात ।

घ. ३ प्रति पासपोर्ट साइजको फोटो ।

४. **पारिश्रमिकः-** तोकिए बमोजिम हुनेछ ।